आज मिति २०७८।०६।०५ गतेका दिन प्रमुख जिल्ला अधिकारी एवं जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष श्री विष्णु लामिछानेको अध्यक्षतामा देहायको पदाधिकारी, सदस्य एवं महानुभावहरुको उपस्थितिमा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बसी निम्नानुसार निर्णय गरियो ।

उपस्थित:

| दस्तखत | पद | नामथर | दर्जा | कार्यालय |
|---|---|---|---|---|
| | अध्यक्ष | श्री विष्णु लामिछाने | प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय मनाङ |
| | सदस्य | श्री लोकेन्द्र बहादुर घले | अध्यक्ष | चामे गाउँपालिका मनाङ |
| | सदस्य | श्री चन्द्र घले | अध्यक्ष | नासों गाउँपालिका मनाङ |
| | सदस्य | श्री कान्छा घले | अध्यक्ष | मनाङ ङिस्याङ गाउँपालिका मनाङ |
| | सदस्य | श्री मिङमा छिरिङ लामा | अध्यक्ष | नार्पाभूमी गाउँपालिका मनाङ |
| | सदस्य | श्री सुर्य प्रसाद आचार्य | स.प्र.उ. | पर्वतिय उद्धार तालिम शिक्षालय, मनाङ |
| | सदस्य | श्री सुजित अधिकारी | गुल्मपती | रणदल गुल्म मनाङ |
| | सदस्य | श्री सुवास खड्का | प्र.ना.उ. | जिल्ला प्रहरी कार्यालय मनाङ |
| | सदस्य | श्री अर्जुन पौडेल | स.प्र.ना.उ. | स.प्र.ब. नेपाल नं.३२ गुल्म चामे |
| | सदस्य | श्री सुन्दर मणी पोखेल | प्र.अ.अ. | जिल्ला अनुसन्धान कार्यालय मनाङ |
| | सदस्य | श्री रेवती रमण सापकोटा | प्रतिनिधि | जिल्ला समन्वय समितिको कार्यालय मनाङ |
| | सदस्य | श्री पहल सिं थापा | कोष नियन्त्रक | को.ले.नि.का. मनाङ |
| | सदस्य | श्री विष्णु प्रसाद अधिकारी | प्रमुख वा प्रतिनिधि | डिभिजन वन कार्यालय, मनाङ |
| | सदस्य | श्री बद्रीराज आचार्य | प्रमुख वा प्रतिनिधि | स्वास्थ्य सम्बन्धी हेर्ने जिल्ला स्थित कार्यालय प्रमुख वा प्रतिनिधि |
| | सदस्य | श्री प्रतिभा गौली | प्रमुख वा प्रतिनिधि | जिल्ला अस्पताल मनाङ |
| | सदस्य | श्री ढाकाराम आचार्य<br>श्री प्रलाद दाहाल | प्रमुख वा प्रतिनिधि | जिल्लास्थित पूर्वाधार तथा सामाजिक विकाससँग सम्बन्धित कार्यालयका प्रमुख |
| | सदस्य | श्री | प्रमुख वा प्रतिनिधि | नेपाल कम्युनिष्ट पार्टी(एमाले) |
| | सदस्य | श्री [illegible]वा छिरिङ लामा | प्रमुख वा प्रतिनिधि | नेपाली काँग्रेस मनाङ |
| | | श्री वेद बहादुर गुरुङ | | एकीकृत नेकपा माओवादी केन्द्र मनाङ |
| | सदस्य | श्री विनोद लामा | प्रमुख वा प्रतिनिधि | नेपाल रेडक्रस सोसाइटी |
| | सदस्य | श्री नविन लामिछाने | प्रमुख वा प्रतिनिधि | नेपाल पत्रकार महासंघ मनाङ शाखा |
| | सदस्य | श्री सन्तोष कुमार श्रेष्ठ | प्रमुख वा प्रतिनिधि | उद्योग वाणिज्य महासंघ मनाङ शाखा |
| | सदस्य | श्री मिलन सुवेदी | प्रमुख वा प्रतिनिधि | नेपाल विद्युत प्राधिकरण मनाङ शाखा |
| | सदस्य | श्री ङिमा ङिटु लामा | प्रमुख वा प्रतिनिधि | नेपाल टेलिकम |
| | सदस्य | श्री लेखनाथ गौतम | प्रमुख वा प्रतिनिधि | अन्नपूर्ण संरक्षण आयोजना, मनाङ |
| | सदस्य | श्री तिज घले | प्रमुख वा प्रतिनिधि | नासों गाउँपालिका |
| | सदस्य | श्री [illegible] मगर | प्रमुख वा प्रतिनिधि | खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड |
| | सदस्य सचिव | श्री गणेश न्यौपाने | प्र.जि.अ.ले तोकेको कर्मचारी | जिल्ला प्रशासन कार्यालय, मनाङ |

आमन्त्रित:

उपसचिव श्री उद्धव प्रसाद रिजाल - राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकारण सिंहदरबार काठमाडौं
लेखा अधिकृत श्री राजेन्द्र ओझा - राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकारण सिंहदरबार काठमाडौं
लेखापाल श्री प्रल्हाद विष्ट - राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकारण सिंहदरबार काठमाडौं

वडा अध्यक्ष श्री [illegible] बहादुर गुरुङ - नासों गा.पा. १ नं. वडा

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मनाङ

**निर्णयहरु:-**

१. क. यस वर्षको मनसुन सूरुवात सगै मनाङ जिल्लामा आएको बाढी तथा पहिरोका कारण चामे गाउँपालिका भित्र निजी आवास/घडेरी तथा जग्गा देहाय अनुसार पूर्ण क्षति भएका र आंशिक क्षति भई विस्थापित भएका र अन्यत्र घरवास नभएका परिवारलाई सुरक्षित स्थानमा घर निर्माण गर्नका लागि मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निमाण तथा पुनर्स्थापना अनुदान कार्यविधी, २०७७ बमोजिम चामे गाउँपालिकाको स्थानीय विपद् व्यवस्थापन समितिको बैठकबाट निर्णय भएर आएका निम्नानुसारका नागरिकहरुलाई लाभग्राही सूचीमा समावेश गरी प्रचिलत नियम बमोजिम अनुदान रकम उपलब्ध गराउन राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबार काठमाडौंमा सिफारिस गरी पठाउने ।

| सि.न. | नामथर | पूर्णक्षति/ पुनर्निमाण | आंशिक क्षति प्रवलीकरण | पुनस्थापना गर्नुपर्ने | उपलब्ध गराउनुपर्ने अनुदान रु. | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | अस्थायी आवास निर्माणका लागि | पूर्ण क्षति भएको आवास | आंशिक क्षति भएको आवासका लागि | कैफियत |
| १ | लिलराम गुरुङ | पूर्णक्षति | - | - | ५० हजार | ५ लाख | - | - |
| २ | मेलिना गुरुङ | - | आंशिक क्षति | - | ५० हजार | - | ५० हजार | - |
| ३ | पेमा खण्डो लामा | - | आंशिक क्षति | - | ५० हजार | - | ५० हजार | - |
| ४ | हेमा गुरुङ | पूर्णक्षति | | - | ५० हजार | ५ लाख | | - |
| ५ | निलम गुरुङ | - | आंशिक क्षति | - | ५० हजार | - | ५० हजार | - |
| ६ | सोनाम याङ्चे लामा | पूर्णक्षति | - | | ५० हजार | ५ लाख | - | - |
| ७ | सिर्जना वि.क. | पूर्णक्षति | - | आफ्नो जग्गा नभएको | ५० हजार | ५ लाख | - | जग्गा प्रासिका लागि थप ३ लाख |
| ८ | उजेली वि.क. गुरुङ | पूर्णक्षति | - | - | ५० हजार | ५ लाख | - | |
| ९ | सरस्वती वि.क. | पूर्णक्षति | - | आफ्नो जग्गा नभएको | ५० हजार | ५ लाख | - | जग्गा प्रासिका लागि थप ३ लाख |

ख. नासो गाउँपालिका धारापानी मिति २०७८/०६/०४ गतेको स्थानीय तह विपद् व्यवस्थापन समितिबाट सिफारिस भई आएका मनसुनजन्य विपद् बाट निजी आवास क्षति भएका ७९ घरपरिवारको अनुसूची-१ फाराम जिल्ला विपद् व्यवस्थापन समिति समक्ष प्रास भएका निवेदन सहितको कागजातहरु मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निमाण तथा पुनर्स्थापना अनुदान कार्यविधी २०७७, को परिच्छेद -२ दफा ४ बमोजिम प्रवलीकरण लाभग्राही, पुनर्निमाण लाभग्राही र पुनस्थापनाका लाभग्राही भनी छुट्टाछुट्टै रुपमा वर्गिकरण गरी लाभग्राही कायम गर्ने र सो को अनुमोदन अर्को जिल्ला विपद् व्यवस्थापन समितिको बैठकबाट गर्ने निर्णय गरियो ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मनाङ

२. क. यस वर्ष आएको बाढी तथा पहिरोले चामे बजार स्थित लोकप्रिय माध्यामिक विद्यालयको विज्ञान प्रयोगशाखा, डाइनिङ हल, कार्यालय कक्ष, ३ वटा कक्षा कोठा, शिक्षक आवास ६ वटा कोठाहरु तथा फर्निचरहरु बगाएको साथै विद्यालयको दक्षिण तर्फ १५० मिटर क्षेत्रमा तत्काल तटबन्ध गर्नुपर्ने भएको हुँदा चामे गाउँपालिकाको लागत अनुमान अनुसार अनुमानित रु. ३ करोड २० लाख १८ हजार ७०८ रुपैयाँ पैसा ६० मात्र क्षति भएको चामे गाउँपालिकाको स्थानीय विपद् व्यवस्थापन समितिको बैठकबाट निर्णय गरी सिफारिस भए बमोजिम पुन निर्माणका लागि गण्डकी प्रदेश, सामाजिक विकास मन्त्रालयमा लेखी पठाउने ।

ख. नासों गाउँपालिका वडा नं. १ ताल मनाङमा रहेको भानु माध्यामिक विद्यालयमा मर्स्याङदी नदिको बाढीले विद्यालयका सम्पूर्ण भौतिक संरचना, फर्निचरहरुमा पुर्ण रुपमा क्षति पुगेको साथै नासों गाउँपालिका वडा नं. ५ मा रहेको प्रकास ज्योती मा.वि. दुधखोलामा आएको बाढीले क्षति पुगेको हुँदा विद्यालय तत्काल पुन निर्माण वा पुनर्स्थापना गरी संचालनमा ल्याउन गण्डकी प्रदेश सामाजिक विकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

३. क. वेशीसहर चामे सडक खण्डको म्यार्दीभिर देखी चामे सम्मको हाल ठेक्का परेको भाग बाहेक दोहोरो भुक्तानी नहुने गरी बाकीं सडक खण्डहरु ढलान गर्ने, पक्की पुल तथा वेलीव्रिज निर्माण गरी दिन डुम्रे - वेशीसहर- चामे सडक आयोजना लमजुङलाई अनुरोध गरी लेखी पठाउने ।

ख. चामे- खाङसार सडकको चामे- स्वर्गाद्धारी सम्मको सडक खण्ड मर्मत गर्न गण्डकी प्रदेश सरकारलाई अनुरोध गरिएकोमा हाल सम्म पनि कार्य सूरु नभएको हूदाँ सडक मर्मत कार्य शिघ्र थालनी गरी सडक सुचारुका लागि गण्डकी प्रदेश सरकार, भौतिक पुर्वाधार विकास मन्त्रालयमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

ग. जिल्ला सरदमुकाम चामेमा नदी कटानबाट मानव वस्तिमा भएको जोखिम र थप कटानबाट हुने जोखिम न्यूनीकरण गर्नका लागी आवश्यक तटबन्ध निर्माण प्रयोजनार्थ जोखिमयुक्त जिल्ला सदरमुकाम बचावट कार्य अन्तर्गत समावेश गरी आवश्यक तटबन्ध निर्माणका लागि संघिय सरकार उर्जा, सिंचाई तथा जलस्रोत मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

४. हाल सम्म पनि स्थानीय तह विपद् व्यवस्थापन समितिबाट सिफारिस भई नआएका मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निमाण तथा पुनस्थापना अनुदान कार्यविधी, २०७७ तथा प्रदेश विपद् व्यवस्थापन नियमावली, २०७७ अनुसार अनुदान प्राप्त गर्न योग्य विपद् पिडितहरुको सम्बन्धमा उल्लेखित कार्यविधी र नियमावली अनुसार अनुदान उपलब्ध गराउन यथाशिघ्र स्थानीय तह विपद् व्यवस्थापन समितिले सिफारिस गरी आवश्यक कागजात सहित जिल्ला विपद् व्यवस्थापन समितिमा आवश्यक कागजात सहित जिल्ला विपद् व्यवस्थापन समितिमा आजको मितिले पन्ध्र दिन भित्र पठाउने निर्णय गरियो ।

५. मनाङ जिल्ला लाई नेपाल सरकारले विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेको हुँदा विपद् बाट क्षतिग्रस्त संरचनाहरु लाई यथासिघ्र पूनःनिर्माण गर्न तथा सार्वजनिक यातायात, विद्युत लगायत क्षतिग्रस्त पूर्वाधार लाई सुचारु गर्न सम्बन्धित सबैले आ-आफ्नो क्षेत्रमा लागत इष्टिमेट सहित वजेटको व्यवस्था तथा पुनर्निर्माणको काम यथासिघ्र प्रारम्भ गर्ने निर्णय गरियो ।

६. गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलयको च.न. ४७४ मिति २०७८/०५/३१ गतेको प्राप्त पत्रानुसार जिल्ला प्रशासन कार्यालय मनाङको विपद् व्यवस्थापन कोषको विविध खातामा रु.३० लाख प्राप्त भएको हुँदा विपद्को घटनामा परि घरहरु पूर्ण नष्ट भई विस्थापित भएका र अन्यत्र घरवास नभएका परिवारलाई सुरक्षित स्थानमा घर निर्माणका लागि एक लाख रुपैयाँ सम्म राहत उपलब्ध गराउन सकिने व्यवस्था प्रदेश विपद् व्यस्थापन नियमावली २०७७ मा उल्लेख भए बमोजिम जिल्लामा मनसुन जन्य विपद् बाट घरबार विहिन भएका परिवारलाई स्थानीय विपद् व्यवस्थापन समितिबाट सिफारिस भए बमोजिम योग्य विपद् पिडितहरुलाई प्रदेश सरकार बाट प्राप्त रकम बाट रु. १(एक) लाख प्रति परिवार अनुदान रकम दिने निर्णय गरियो ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मनाङ

७. मिति २०७८/०३/०१ गते परेको अविरल वर्षाका कारण मर्स्याङदी नदीमा बाढी आई नासों गाउँपालिका वडा नं. १ तालमामा रहेको प्रहरी चौकी ताल पुरै डुवानमा परी चौकीमा रहेको जिल्ला प्रहरी कार्यालयको जिन्सी खातामा आम्दानी बाँधिई ताल प्रहरी चौकीको संरक्षणमा रहेका मिति २०७८/०५/२५ गतेको सर्जविन मुचुल्कामा उल्लेखित जिन्सी सामानहरु बाढीले पुरिई क्षति भएको साथै उक्त बाढीले नासों गाउँपालिका वडा नं. ३ मा रहेको सीमा प्रहरी चौकी धारापानीको कार्यालय भवन पछाडी को भान्साघर पुरै बगाएर क्षति भएको हुँदा जिल्ला प्रहरी कार्यालयको जिन्सी खातामा आम्दानी बाँधिई सीमा प्रहरी चौकी धारापानीको संरक्षणमा रहेका मिति २०७८/०५/२२ गतेको सर्जविन मुचुल्कामा उल्लेखित जिन्सी सामानहरु पूर्ण रुपमा बगाई क्षति भएको हुँदा जिन्सी खातामा भएका उक्त सामग्रीहरुको जिन्सी खातामा मिनाहा गर्नका लागि गण्डकी प्रदेश प्रहरी कार्यालय पोखरामा सिफारिस गर्ने निर्णय गरियो ।

८. मिति २०७८/०३/०१ गतेको बाढीले मनाङ जिल्लालाई केन्द्रिय प्रशारण लाइनसँग जोड्ने मर्स्याङदी गाउँपालिका-५ लमजुङ रादी हाइड्रो देखी स्याक्यू सव स्टेसनको ३३ के.भी. प्रशारण लाइनको १४५ थान विद्युतिय पोल, साथै स्याक्यू देखी भ्राताङ सम्मको ११ के.भी. प्रशारण लाइनको १२२ थान विद्युतिय पोल र चामे बजार आसपास रहेका ०.४ के.भी. वितरण लाइनको ५२ थान विद्युतिय पोल पूर्ण रुपमा क्षति भएको हुँदा तत्काल मर्मत गर्न केन्द्रिय निकायमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

९. मिति २०७८/०३/०१ गतेको बाढीले क्षति भई मनाङ जिल्लाको सदरमुकाम चामे बजार पूर्ण रुपमा अन्धकार भएको तथा नेपाल विद्युत प्राधिकरणको केन्द्रिय प्रशारण लाइन सूचारु हुन केही समय लाग्ने देखिएको हुँदा चामे बजारमा तत्काल विद्युत सेवा सुचारु गर्न नेपाल विद्युत प्राधिकरणबाट चामे साना जलविद्युत केन्द्र (४५ कि.वा.) लिजमा लिई संचालन गरी रहेको स्याल्क्यू खोला लघु जल विद्युत उपभोक्ता संस्था, तिमाङ, मनाङ अन्तर्गत उक्त लघु जलविद्युत केन्द्रको Penstock Pipe पहिरोले बगाएको हुँदा मर्मत गर्न ने.वि.प्रा., मनाङ वितरण केन्द्रको मौज्दातमा रहेको ११ मिटर पोल- ५ वटा, ८ मिटर पोल-२५ वटा, १६०० एम.एम. च्यानल-३२ वटा, पोल क्ल्याप ११४ एम.एम. -७२ वटा, नटवोल्ट ७ इन्चको -१२० वटा, व्रेसिङ क्रस एङ्गल २७२३ एम.एम. - ३५ वटा उपलब्ध गराउने र आवश्यक कागजात सहित ने.वि.प्रा.मा सिफारिस गरी पठाउने निर्णय गरियो ।

विष्णु लामिछाने
प्र.जि.अ.